थलारा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः९ मिति २०८१ साल फागुन १३ गते

## भाग -२

## सामुदायिक विद्यालयमा भान्साकोठा निर्माण कार्यविधि, २०८१

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८१।११।१३

**प्रस्तावनाः**

दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित रुपले संचालन गर्न खानाको सरसफाई, स्वच्छता तथा उचित भण्डारण गरी विद्यार्थीहरुलाइ सुरक्षित दिवा खाजाको व्यवस्था गर्न नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ एवम् नियमावली २०७७ ले दिवा खाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरेकोमा, विद्यालयहरुमा व्यवस्थित सुधारिएको चुलो सहितको भान्छा कोठा निर्माण गर्न आवश्यक भएकोले,

प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ बमोजिम थलारा गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद - १

### प्रारम्भिकः

१. **संक्षिप्त नाम र प्रारम्भः** १.यस कार्यविधिको नाम “सामुदायिक विद्यालयमा भान्साकोठा निर्माण कार्यविधि, २०८१” रहेको छ ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२.**परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) “स्थानीय तह” भन्नाले थलारा गाउँपालिकालाई सम्झनु पर्छ।
ख) “प्रदेश” भन्नाले सुदुरपश्चिम प्रदेशलाई सम्झनु पर्छ।
ग) “कार्यक्रम” भन्नाले विद्यालय दिवा खाजा अन्तर्गतको भान्सा कोठा निर्माणलाई सम्झनु पर्छ।
घ) “पालिका” भन्नाले थलारा गाउँपालिका सम्झनु पर्छ।
ङ) “विद्यालय” भन्नाले थलारा गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालय सम्झनु पर्छ ।
च) “अध्यक्ष” भन्नाले थलारा गाउँपालिकाको गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।
छ) “उपाध्यक्ष” भन्नाले थलारा गाउँपालिकाको गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।
ज) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले थलारा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको व्यक्तिलाई सम्झनु पर्छ।
झ) “शिक्षा शाखा” भन्नाले थलारा गाउँपालिकाको शिक्षा शाखा सम्झनु पर्छ।
ञ) “विद्यालय व्यवस्थापन समिति” भन्नाले थलारा गाउँपालिकामा अवस्थित सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्छ।
ट) “साझेदारी संस्था” भन्नाले विद्यालय दिवा खाजा अन्तर्गतको भान्सा कोठा निर्माण कार्यमा पालिकासँग साझेदारी गर्ने संस्थालाई सम्झनु पर्दछ।
ठ) “लागत” भन्नाले विद्यालय दिवा खाजा अन्रतगतको भान्सा कोठा निर्माण गर्दा लाग्ने कुल लागतलाई सम्झनु पर्दछ।
ड) “स्थानीय सामग्री” भन्नाले स्थानीयस्तरमा प्राप्त हुने सामग्रीहरु जस्तै ढुङ्गा, गिट्टी, माटो, बालुवा, काठ आदिलाई सम्झनु पर्दछ।
ढ) “गैह्र स्थानीय सामग्री” भन्नाले बजारबाट खरिद गर्न पर्ने सामग्रीहरु जस्तै जस्तापाता,फलाम, सिमेन्ट आदिलाई सम्झनु पर्दछ।
ण) “कामदार” भन्नाले विद्यालय दिवा खाजा अन्तर्गतको भान्सा कोठा निर्माणमा संलग्न हुने दक्ष तथा अदक्ष दुबै प्रकारका कामदारलाई सम्झनु पर्दछ।
त) “लागत साझेदारी” भन्नाले भान्सा कोठा निर्माणका लागि थलारा गाउँपालिका, विद्यालय व्यवस्थापन समिति र साझेदार संस्थाबिच भएको लागत साझेदारी लाई सम्झनु पर्दछ।
थ) “नक्साङ्कन” भन्नाले दिवा खाजा अन्रतगतको भान्सा कोठाको ड्रइङ, डिजाइन तथा नक्साङ्कनलाई सम्झनु पर्दछ।
द) “औजार तथा उपकरण” भन्नाले निर्माणको क्रममा प्रयोग हुने बेल्चा, घन, आरा, कर्नी, कुच्चो लगायतका अन्य सामग्रीहरुलाई सम्झनु पर्दछ।
ध) “कामदार सुरक्षा सामग्री” भन्नाले निर्माण कार्यमा संलग्न कामदारहरुको पेशागत सुरक्षाका लागि प्रयोग हुने हेलमेट, पञ्जा, बुट लगायतका अन्य सुरक्षा सामगीहरुलाई सम्झनु पर्दछ।

## परिच्छेद – २

## कार्यक्रमको उद्देश्य, सञ्चालन

३. **कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ।

क) विद्यालयहरुमा सुधारिएको चुलो सहितको भान्छा कोठा निर्माण गर्ने।

ख) दिवा खाजालाई थप प्रभाकारी तथा ब्यवस्थित रुपले संचालन गर्नमा सहयोग पुर्याउने।

ग) विद्यार्थीहरुको समग्र स्वास्थ्य र पोषण अवस्थामा सुधार गरी शैक्षिकस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने।

घ) विद्यालयको वातावरण सफा, स्वच्छ बनाउन सहयोग तथा स्वच्छ दिवा खाजाको नियमितता हुने।

४. **कार्यक्रमको सञ्चालन**

क) यो कार्यक्रम गाउँपालिका र साझेदार संस्थाको संयुक्त लगानीमा निर्माण गर्न सकिनेछ। पालिका र साझेदार संस्था बाहेक अन्य निकायले पनि साझेदारी गर्न सक्नेछ ।

ख) यो कार्यक्रम गाउँपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा चरणबद्ध रुपमा निर्माण गर्दै लगिनेछ।

ग) निर्माण गर्नुपूर्व भान्छा कोठाको नक्साङ्कन तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गरिनेछ । यसरी नक्सांकन गर्दा भान्सा कोठा निर्माणको न्यूनतम मापदण्ड अनुसूची १ अनुसार हुनेछ।

घ) लागत अनुमान तयार भए पश्चात् लागत साझेदारीमा भान्साकोठा निर्माण गर्नुपरेमा गाउँपालिकाले साझेदार संस्था र विद्यालय व्यवस्थापन समितिसँग आपसी छलफल गरी साझेदारी पत्र तयार गरिनेछ।

## परिच्छेद – ३

## कार्यक्रम सञ्चालन प्रकृया

५. **कार्यक्रम सञ्चालन प्रकृया**

क) गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूको भान्साकोठाको अवस्था बारे आवश्यक अध्ययन गरी उपलब्ध स्रोतलाई मध्यनजर गरी गाउँपालिकाले भान्साकोठा निर्माणका लागि सामुदायिक विद्यालयहरुको प्राथमिकता निर्धारण गर्नेछ।

ख) प्राथमिकतामा परेका विद्यालयमा भान्साकोठा निर्माणका लागि सम्बन्धित प्राविधिकद्धारा भान्सा कोठाको नक्साङ्कन गराइनेछ ।

ग) यसरी नक्साङ्कन तयार गर्दा अनुसूची १ मा तय गरिए बमोजिमको न्यूनतम मापदण्ड पूरा हुने गरी नक्सांकन तयार गर्नुपर्नेछ ।

घ) नक्सांकन तयार गर्दा विद्यार्थी संख्याको आधारमा तयार गरिनेछ। पालिकामा रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरूलाई विद्यार्थी सङ्ख्याको आधारमा ३ किसिममा विभाजन गरिनेछ। यसरी विभाजन गर्दा ३०० भन्दा माथि विद्यार्थीहरु रहेको विद्यालयलाई “क” वर्ग, १०० देखि ३०० सम्म विद्यार्थी रहेका विद्यालयहरूलाई “ख” वर्ग र १०० जना विद्यार्थी रहेका विद्यालयहरूलाई “ग” वर्गमा वर्गीकरण गरी नक्सांकन हुनेछ।

ङ) उपदफा ४ मा जे भनिएता पनि विद्यालयको वस्तुगत अवलोकन पश्चात तयार गरिएको नक्साङ्कनमा घट बढ गर्न सकिनेछ।

च) उपदफा ४ र ५ मा जे लेखिएको भएतापनि यदि सम्बन्धित विद्यालयमा प्रयोगमा नआएको कुनै कक्षाकोठा रहेको खण्डमा सो कक्षा कोठालाई भान्सा कोठाको रुपमा प्रयोगमा ल्याइनेछ।

छ) उपदफा ६ बमोजिम प्रयोगमा ल्याउने कक्षा कोठामा विद्यालय भान्सा कोठाको लागि तय गरिएको न्यूनतम मापदण्ड पुरा गराएर मात्र  भान्सा कोठाको रुपमा प्रयोग गरिनेछ।

ज) नक्साङ्कन पश्चात अनुसूची २ बमोजिम तयार गरिएको नक्साको आधारमा विद्यालय भान्सा कोठाको कुल लागत अनुमान तयार गरिनेछ।

झ) कुल लागतको अनुमान पश्चात स्रोतको खोजी गरी स्रोत सुनिश्चितता गरिनेछ।

ञ) स्रोत सुनिश्चितताका क्रममा पालिका र साझेदार संस्थाले भान्साकोठा निर्माणको लागि विनियोजन गरिएको बजेटका आधारमा सम्बन्धित कामको बाँडफाड गरिनेछ।

ट) यसरी कामहरूको जिम्मेवारीको बाँडफाँड पश्चात पालिका, साझेदार संस्था र सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति बीच भान्साकोठा निर्माणको लागि त्रिपक्षीय सम्झौता गरी निर्माण कार्यलाई अगाडि बढाइनेछ। त्रिपक्षिय सम्झौतामा पालिका, साझेदार संस्था र विद्यालय व्यवस्थापन समितिको जिम्मेवारीहरु प्रष्टसँग उल्लेख गरिनेछ।

ठ) त्रिपक्षिय सम्झौता अनुसार सम्बन्धित विद्यालय व्यवस्थापन समितिले भान्साकोठाको निर्माणका लागि आवश्यक पर्ने सामग्री, कामदार तथा उपकरणको जुटाइ तोकिएको समयमा निर्माण सम्पन्न गर्नुपर्नेछ। विद्यालय भान्सा कोठा निर्माण गर्दा अधिकतम स्थानीय निर्माण सामग्रीहरुको प्रयोग गरी निर्माण गरिनेछ।

ड) निर्माणको क्रममा पालिकाको अगुवाइमा पालिकाका प्रतिनिधि र साझेदार संस्थाका प्रतिनिधिले निर्माणाधीन संरचनाको अनुगमन गर्न सक्नेछन् ।

ढ) पालिकाका प्राविधिक र साझेदार संस्थाका प्राविधिकले कार्यसम्पन्नको प्रतिवेदन पालिकामा र एकप्रति साझेदार संस्थालाई उपलब्ध गराए पश्चात मात्र निर्माण सम्पन्न भएको मानिनेछ ।

ण) निर्माणस्थलमा आयोजना सुचना पाटी (Project Information Board) राखि समुदायलाई सुचित गरिनेछ। साथै निर्माण सम्पन्न पश्चात सार्बजनिक लेखा परिक्षण गरिनेछ।

त) यसरी निर्माण गरिएको संरचनाको व्यवस्थापन तथा मर्मत संभारको सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको रहनेछ।

**६. बजेट निकासा सम्बन्धी व्यवस्था**

क) भान्साकोठा निर्माणका लागि आवश्यक बजेट गाउँपालिकाले आफ्नो बार्षिक कार्यक्रममा समावेश गरी प्रचलित कानुन अनुसार खर्च निकासा गर्नेछ। पालिकासँग साझेदारी गर्ने साझेदार संस्थाले त्रिपक्षिय सम्झौता अनुसार आवश्यक पर्ने बजेटको व्यवस्था गर्नुपर्नेछ।

ख) पालिकाबाट हुने बजेट खर्च तथा निकासा प्रक्रिया आर्थिक कार्यविधि सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ। लागत साझेदारीमा भान्साकोठा निर्माण गर्ने हकमा साझेदार संस्थासँग समझदारी बमोजिम साझेदार संस्थाले वेहोर्ने रकम विद्यालय व्यवस्थापन समितिलाई निकासा गर्नुपर्नेछ।

तर दफा ५ को (ट) बमोजिम सम्झौता हुँदा कुनै पक्षले बाह्य निर्माण सामग्री उपलब्ध गराउने गरी त्रिपक्षिय सम्झौता भएमा यस दफाले बाधा पुऱ्याएको मानिनेछैन।

ग) भान्साकोठा निर्माणमा भएको खर्च विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गराई खर्चको बिल, भर्पाई, डोर हाजिरी लगायतका कागजातहरु गाउँपालिकामा पेश गर्नुपर्नेछ। लागत साझेदारीमा कार्यक्रम संचालन भएको हकमा पालिका र साझेदार संस्थाहरुले जिम्मेवारीगत बजेट खर्चसँग सम्बन्धित सम्पूर्ण सक्कल कागजपत्रहरु आफूसँग राख्नेछन् र आवश्यकताको आधारमा अर्को पक्षलाई नक्कल कागजपत्रहरू उपलब्ध गराउन सक्नेछन्।

## परिच्छेद ४

## विविध

**७. कार्यविधिमा संशोधनः** गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधिमा संशोधन गर्न सक्नेछ।

**८. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा वा समस्या आइपरेमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

**९. प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख गरिएका कुराहरु  यसै बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

## अनुसूची १

### (दफा ४ को उपदफा ख सँग सम्बन्धित)

### विद्यालय भान्सा कोठाको न्यूनतम मापदण्ड

| क्र.स | न्यूनतम मापदण्ड |
|---|---|
| १ | सुधारिएको चुलो हुनु पर्ने |
| २ | भान्सा कोठाको नजिकै पानीको श्रोत हुनु पर्ने |
| ३ | खाद्य सामग्री भण्डारणको लागि भित्तामा टाँसिएको र्‍याक हुनु पर्ने |
| ४ | पकाएको खाना राख्नको लागि टेबल हुनु पर्ने |

आज्ञाले,
प्रयाग राज पाध्या
प्रमुख प्रशासकीय अधिकृत